मर्स्याङ्दी गाउँपालिकाको

# करार सेवामा शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि

२०८०

CamScanner

## मर्स्याङ्दी पालिकाको करार सेवामा शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि

## २०८०

**प्रस्तावना**

नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको तथा मर्स्याङ्दी गाउँपालिकाको स्थानीय शिक्षा ऐन-२०७५ को दफा २४ को उपदफा (१) मा विद्यालयमा रिक्त करार नियुक्तिको लागि शिक्षक तथा कर्मचारी छनौट समिति व्यवस्था भएकोले करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत गराई शिक्षक छनौट पद्धतिलाई पारदर्शी, निष्पक्ष र व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय शिक्षा ऐन २०७५ को दफा ६१ को उपदफा (१) अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरि लागू गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **मर्स्याङ्दी गाउँपालिकाको करार सेवामा शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि** २०८० रहेको छ ।

(ख) यो कार्यविधि मर्स्याङ्दी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२.अर्थ र परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(क) **कार्यालय** भन्नाले मर्स्याङ्दी गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(ख) **इकाइ** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइलाई जनाउँछ ।

(ग) **पालिका** अध्यक्ष भन्नाले मर्स्याङ्दी गाउँपालिका अध्यक्षलाई जनाउँछ ।

(घ) **पालिका उपाध्यक्ष** भन्नाले मर्स्याङ्दी गाउँपालिका उपाध्यक्षलाई जनाउँछ ।

(ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(च) **शाखा प्रमुख** भन्नाले मर्स्याङ्दी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा शाखाको जिम्मा लिएको व्यक्तिलाई जनाउँछ।

(ग) **शिक्षा शाखा** भन्नाले मर्स्याङ्दी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउँछ।

(घ) **वि.व्य.स.** भन्नाले सामुदायिक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समितिलाई जनाउँछ।

(ङ) **छनौट समिति** भन्नाले विद्यालयमा रिक्त रहेको दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) तथा संघीय अनुदानमा करारमा नियुक्त हुने शिक्षक, प्रशिक्षक तथा सहायक प्रशिक्षक, मर्स्याङ्दी गाउँपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकका साथै विद्यालय कर्मचारी; बाल विकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको छनौटको परीक्षा संचालन तथा नियुक्तिको सिफारिस गर्ने प्रयोजनका लागि यस कार्यविधिको परिच्छेद २, कों खण्ड ४ क, ख र ग बमोजिम गठन भएका छनौट समितिहरूलाई जनाउँछ।

(च) **विषय विज्ञ** भन्नाले आधारभूत तह र माध्यमिक तहसम्म शिक्षक छनौटसम्बन्धी परीक्षा

सञ्चालनका लागि ईकाईमा सूचीकृत विषय विज्ञ तथा उक्त सूचीमा सूचीकृत नभएका विषयको हकमा मर्स्याङ्दी गाउँपालिकाले आफ्नो आवश्यकता अनुसार समय समयमा

अर्जुन गुरुङ
अध्यक्ष

विषय विज्ञका लागि सुची दर्ता हुनका लागि प्रकाशन गरेको सूचना पछि दर्ता भएका विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूको नामावली संकलन गरि तयार गरेको सूची समेतलाई जनाउँछ।

(छ) **प्रश्नपत्र बैङ्क** भन्नाले मर्स्याङ्दी गाउँपालिकाले यस कार्यविधिमा उल्लेखित शिक्षक तथा विद्यालय कर्मचारी छनौट प्रयोजनका लागि प्रयोग गर्ने उद्देश्यले विषय विज्ञहरूबाट निर्माण गर्न लगाई सुरक्षित तवरले भण्डार गरिएको प्रश्नहरूको सँगालोलाई जनाउँछ।

(ज) **शिक्षा ऐन** भन्नाले शिक्षा ऐन २०२८ (संशोधनसहित) लाई जनाउँछ ।

(झ) **शिक्षा नियमावली** भन्नाले शिक्षा नियमावली २०५९ (संशोधनसहित) लाई जनाउँछ।

(ञ) **स्थानीय शिक्षा ऐन** भन्नाले मर्स्याङ्दी गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७५ (संशोधनसहित) लाई जनाउँछ ।

(ट) **आयोग** भन्नाले शिक्षक सेवा आयोगलाई जनाउँछ ।

(ठ) **शिक्षक सेवा आयोग नियमावली** भन्नाले शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित) लाई जनाउँछ ।

(ड) **कार्यपालिका** भन्नाले मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(ढ) **पालिका अनुदान शिक्षक र स्वयंसेवी शिक्षक** भन्नाले मर्स्याङ्दी गाउँपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकलाई जनाउँछ ।

(ण) **विद्यालय व्यवस्थापन समिति** भन्नाले स्थानीय शिक्षा ऐन २०७५ (संशोधनसहित) को दफा १९ बमोजिम गठित विद्यालय व्यवस्थापन समितिलाई जनाउँछ ।

(त) **विद्यालय** भन्नाले मर्स्याङ्दी गाउँपालिकाका सामुदायिक विद्यालय जनाउँछ।

अर्जुन गुरुङ
अध्यक्ष

## परिच्छेद २
## पदपूर्ति र छनौट प्रक्रिया

**३.अनुमति**

(क) सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरवन्दी तथा शिक्षक अनुदान कोटा (राहत), साविक उच्च मा.वि. अनुदान, पालिका अनुदान लगायत सवै प्रकारका संघीय अनुदानमा करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्त गर्नुपर्ने अवस्थामा विद्यालयले पद रिक्त भएको कारण जनाई विज्ञापन गर्न अनुमतिको लागि विद्यालय व्यवस्थापन समितिको निर्णयसहित रिक्त भएको मितिले १५ दिनभित्र शिक्षा शाखामा निवेदन पेश गर्नुपर्ने छ । शिक्षा शाखाले उक्त निवेदन उपर अध्ययन गरि विद्यमान ऐन, नियम र शिक्षा नियमावलीको अनुसूची १२ को व्यवस्था बमोजिम विषय समेत हेरी विज्ञापन गर्न अनुमति दिनेछ।

(ख) पदपूर्तिको अनुमति प्राप्त भएपछी विद्यालयले अनुमति प्राप्त भएको मितिले सात दिन भित्र १५ दिनको समयावधि तोकी विज्ञापनको सूचना प्रकाशन गर्नुपर्ने छ ।

खण्ड (ख) बमोजिमको सूचना सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र गाउँपालिकाको सूचना पाटिमा टाँस गर्ने तथा सूचनाको एक प्रति शिक्षा शाखामा बुझाउनुका साथै गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्ने छ।

(ग) खण्ड (ख) बमोजिम विज्ञापनको सूचना प्रकाशन गर्दा शिक्षक सेवा आयोगले यस क्षेत्रको लागि प्रकाशन गरेको करार योग्यताक्रम सूचीका उम्मेद्वारमध्येबाट पदपूर्ति हुन सक्ने पदहरुमा उनिहरुले आवेदन दिन सक्ने र यसरी आवेदन दिएमा करार योग्यताक्रम सूचीमध्ये माथिल्लो योग्यताक्रमको उम्मेद्ववारलाई नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था समेत खुलाई विज्ञापन गर्नुपर्ने छ।

(घ) विज्ञापन बमोजिम रितपूर्वक दरखास्त संकलन भईसकेपछी सो को विवरण सहित विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षक छनौटको लागि परीक्षा लिईदिन अनुरोध गरि गाउँपालिकाको शिक्षा शाखामा जानकारी गराउनुपर्नेछ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

तर गाउँपालिकाको अनुदानमा नियुक्त हुने शिक्षक तथा विद्यालय कर्मचारीको विज्ञापनको सूचना गाउँपालिकाको नियमानुसार प्रकाशन हुनेछ।

(ङ) शिक्षक पदका उम्मेद्धवारको योग्यता र अयोग्यता सम्बन्धमा शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित) ले व्यवस्था गरे बमोजिम हुनेछ ।

(च) विज्ञापनको निर्धारित समय सकिए लगत्तै विद्यालयले सोही दिन सम्पूर्ण आवेदकहरूको विवरण आफ्नो सूचना पाटीमा टाँस गरी शिक्षा शाखामा बोधार्थ दिनुपर्ने छ ।

**४.शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था**

(क) सामुदायिक विद्यालयमा रिक्त रहेको करार दरबन्दी, शिक्षक अनुदान कोटा (राहत) तथा संघीय अनुदानतर्फका शिक्षक छनौट गर्ने परीक्षा समिति शिक्षा ऐनं तथा नियमावलीको व्यवस्था अनुसारको हुने छ।

(ख) मर्स्याङ्दी गाउँपालिकाबाट नियुक्त हुने शिक्षक, तथा विद्यालय कर्मचारी सम्बन्धी कुनै पनि पदहरु एवम् सामुदायिक सिकाई/अध्ययन केन्द्रका सहजकर्ताको नियुक्ति तथा सिफारिस गर्नको लागि छनौट समिति देहाय बमोजिम हुने छ ।

प्रमुख प्रशासकीय अधिकृतः संयोजक

शिक्षा समितिको अध्यक्षले तोकेको विषयविज्ञ : सदस्य

शिक्षा अधिकृतः सदस्य सचिव

(ग) विद्यालयमा रिक्त रहेको विद्यालय कर्मचारी तथा बाल विकास शिक्षकको छनौट समिति देहाय बमोजिम हुने छ ।

संयोजकः विद्यालय व्यवस्थापन समिति अध्यक्ष

सदस्यः शिक्षा शाखा प्रमुख

सदस्यः सम्बन्धित विषयको विषयविज्ञ

सदस्य-सचिवः प्रधानाध्यापक

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

**५.परीक्षा केन्द्र सम्बन्धि व्यवस्था**

(क) यस कार्यविधि बमोजिम संचालन हुने सबै प्रकारको जनशक्ति छनौटको परीक्षा केन्द्र मर्स्याङ्दी गाउँपालिकाको कार्यालयमा रहने छ।

(ख) परीक्षा केन्द्रको केन्द्राध्यक्ष र निरीक्षक शिक्षक छनौट समितिले तोके बमोजिम हुने छ ।

(ग) परीक्षा हलभित्र केन्द्राध्यक्ष र निरीक्षक वा शाखाबाट खटाईएका कर्मचारी र यस कार्यविधिको परिच्छेद ४, को ९ का अनुगमनका पदाधिकारीबाहेक अन्य व्यक्तिहरु प्रवेश गर्न पाउने छैनन।

**६.पाठ्यक्रम सम्बन्धि व्यवस्था**

(क) शिक्षक पदमा नियुक्तिको लागि संचालन गरिने परीक्षाको पाठ्यक्रम र परीक्षा शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ।

(ख) विद्यालय कर्मचारी, बाल विकास सहजकर्ताको परीक्षाको पाठ्यक्रम शिक्षा, युवा तथा खेलकुद शाखाले निर्धारण गरे बमोजिम हुनेछ र सो निर्धारण नहुँदा सम्मको लागि संघीय शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम १४४ (ख) बमोजिम हुने छ ।

(ग) सामुदायिक सिकाई/अध्ययन केन्द्रका सहजकर्ता बाल शिक्षक तथा विद्यालय कर्मचारीको परीक्षाको पाठ्यक्रम शिक्षा शाखाले तोकेबमोजिम हुने छ।

## परिच्छेद ३

## विषयविज्ञ छनौट तथा प्रश्नपत्र निर्माणसम्बन्धि व्यवस्था

**७. विषयविज्ञ सुचीकृत सम्बन्धीत व्यवस्था**

(क) दरबन्दी/ शिक्षक अनुदान कोटा (राहत) तथा सबै प्रकारका संघीय अनुदानमा करार सेवामा नियुक्त हुने शिक्षक छनौट गर्ने प्रयोजनको लागि विषय विज्ञको व्यवस्था शिक्षा विकास तथा समन्वय इकाइमा सूचीकृत विषय विज्ञ र उक्त सूचीमा सूचीकृत नभएका विषयको हकमा मर्स्याङ्दी भित्रका विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुको

अर्जुन गुरुङ
अध्यक्ष

नामावली संकलन गरि तयार गरेको सूचीबाट परीक्षा संचालन हुने दिन विषयविज्ञ छनौट गर्ने छ।

(ख) प्रत्येक वर्ष शैक्षिक सत्र सुरु भएको १५ दिन भित्रमा गाउँपालिकामा विषयविज्ञको रुपमा दर्ता हुनका लागि निवेदन पेश गर्नुपर्ने छ र दर्ता भैसकेपछि प्रत्येक वर्ष अध्यावधिक गराउनु पर्ने छ।

(ग) छनौट भएका विषय विज्ञलाई सम्पर्क गर्ने जिम्मेवारी शिक्षा शाखाको हुने छ । विषय विज्ञ छनौटको प्रकृयामा संलग्न अन्य व्यक्तिहरुको मोबाईल अफ गरि परीक्षा सुरु नहुन्जेल सम्म शिक्षा शाखामा राखिने छ ।

(ख) गाउँपालिकाको अनुदानमा नियुक्त हुने सबै प्रकारका शिक्षक तथा विद्यालय कर्मचारी छनौटको परीक्षाको लागि विषय विज्ञको छनौट यस कार्यविधिको परिच्छेद ४ को (ख) बमोजिमको परीक्षा समितिको संयोजक वा निजले तोकेको अधिकृतले गर्नेछन्।

(ग) गाउँपालिकाबाट विषयविज्ञ शिक्षकहरु छनौट प्रकृया सञ्चालन नभएसम्मका लागि माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरुलाई विषयविज्ञको रुपमा आमन्त्रण गरिने छ ।

(घ) सामुदायिक सिकाई केन्द्रका परिचालिका, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी छनौटका लागि शिक्षा शाखाले विषय मिल्ने शिक्षक वा कर्मचारीमध्ये बाट एकजना विषय विज्ञ तोक्ने छ।

## ८.प्रश्नपत्र निर्माणसम्बन्धि व्यवस्था

(क) समितिले तोकेको ३ जना विषयविज्ञबाट कच्चा प्रश्नपत्र माग गरी उक्त समितिले तोकिएको पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुसार हुने गरी प्रश्नपत्र तयार गर्नुपर्ने छ।

(ख) प्रश्नपत्र निर्माणपूर्व विषय विज्ञहरुले आफ्नो साथमा रहेको मोबाईल वा अन्य डिजिटल सामग्रीहरु बन्द गरि शिक्षा शाखाले तोकेको ठाउँमा राख्नुपर्ने छ । विषय विज्ञहरु प्रश्नपत्र निर्माण शुरु भएपछी परीक्षा संचालन नहुन्जेलसम्म शिक्षा शाखाबाट

अर्जुन गुरुङ
अध्यक्ष

खटाईएका कर्मचारीको प्रत्यक्ष निगरानीमा रहनुपर्ने छ । विषयविज्ञहरुले प्रश्नपत्र निर्माण कार्य शुरु गरिसकेपछी लिखित परीक्षा शुरु नहुन्जेलसम्म अनुमतिविना अन्य कसैसँग पनि भेटघाट र सम्पर्क गर्न पाउने छैनन ।

(ग) शिक्षा शाखाले आवश्यकता अनुसार वस्तुगत परीक्षाको प्रश्न तथा उत्तरहरुको क्रम हेरफेर गरि अलग अलग सेट तयार गर्न सक्नेछ।

तर गाउँपालिकाको अनुदानमा नियुक्त हुने शिक्षक तथा विद्यालय कर्मचारी छनौटको लागि पहिलो चरणमा दुई जना विषय विज्ञबाट तयार गरि शिलबन्दी गरिएको प्रश्नपत्रलाई अन्तिम रुप दिने काम (मोडुलेशन)तेस्रो विषय विज्ञबाट गरिने छ। प्रश्नपत्रको गोपनीयता कायम गर्ने जिम्मेवारी प्रश्नपत्र निर्माण र मोडुलेसन गर्ने विषय विज्ञको नै हुने छ ।उक्त प्रश्नपत्र शिक्षा समितिका प्रमुखको रोहबरमा वा निजको अनुमतिमा खामबन्दी गरि सिधै केन्द्राध्यक्षलाई दिईने छ।

(घ) परीक्षार्थीहरुको रोल नम्बर कायम गर्ने ज़िम्मेवारी शिक्षा शाखाको हुनेछ।

**९.उत्तरपुस्तिका परीक्षण तथा सिफारिस सम्बन्धि व्यवस्था**

(क) परीक्षार्थीहरुको उत्तरपुस्तिका कोडिङ गर्ने तथा सो सम्बन्धि गोपनीयता कायम गर्ने जिम्मेवारी शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारीको हुनेछ।

(ख) पहिलो चरणको परीक्षाको प्राप्ताङ्क र दोस्रो चरणको परीक्षाको प्राप्ताङ्क कोडिङ गर्ने सदस्य बाहेक अरुले अन्तर्वार्ता समाप्त नहुन्जेलसम्म नै थाहा नपाउने गरि गोपनीयता कायम गर्ने दायित्व परीक्षा समितिको हुनेछ। अन्तर्वार्ताको मूल्याङ्कनपछी मात्र सबै सदस्यहरुले प्राप्ताङ्क हेर्न पाउने गरि डिकोड गरि अन्तिम नतिजा प्रकाशन गर्नुपर्ने छ।

(ग) उत्तरपुस्तिका परीक्षण भईरहेको कक्षमा विषय विज्ञबाहेक अन्य व्यक्तिहरु रहने छैनन।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

(घ) सबै चरणको परीक्षामा प्राप्त अंकको आधारमा सबैभन्दा बढी अंक ल्याउने परीक्षार्थीलाई योग्यताक्रम अनुसार छनौट हुन सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गरिने छ।

(ङ) छनौट हुन सफल उम्मेद्वार सिफारिस गरिएको मितिले सात दिन भित्र विद्यालयमा हाजिर हुन जानुपर्ने छ।

(च) सफल उम्मेद्वारलाई नियमानुसार हाजिर गराउनुपर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

(छ) परीक्षापश्चात सम्बन्धित सम्पूर्ण कागजातहरु खामबन्दी गरि लाहाछाप लगाई सुरक्षित राख्ने दायित्व विद्यालयको हुनेछ।

(ज) नतिजा प्रकाशन भएको मितिले एक वर्ष भित्र विज्ञापित पद रिक्त हुन आएमा शिक्षा शाखाको पूर्व स्विकृति लिई बैकल्पिक उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्त गर्नुपर्नेछ।

(झ) छनौट कार्यमा खटिने कर्मचारी र विषयविज्ञले नियमानुसार सम्बन्धित विद्यालयबाट बैठक भत्ता, पारिश्रमिक तथा यातायात खर्च पाउनेछन।

## परिच्छेद ४

## विविध

### १०.अनुगमन

छनौट परीक्षा लगायतका कामकारबाहीको नियमित अनुगमन पालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट हुने छ।

### ११.बचाउ र संरक्षण

(क) यस कार्यविधि बमोजिम नियुक्त हुने र यस अघि पालिकाबाट लिईएका शिक्षक छनौट सम्बन्धि परीक्षाबाट छनौट भई नियुक्ति पाई कामकाज गरिरहेका शिक्षकहरुको अभिलेखीकरण शिक्षा शाखाले गर्ने छ ।

अर्जुन गुरुङ
अध्यक्ष

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले प्रष्ट पार्ने छ ।

(ग) यस कार्यविधिसँग संघीय तथा गण्डकी प्रदेशको कानुन बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । साथै गण्डकी प्रदेश सरकारले स्थानीय तहको शिक्षक तथा विघालय कर्मचारीको पदपूर्ति सम्बन्धि कानुन बनाएमा सोही बमोजिम हुने छ।

(घ) यो कार्यविधि लागूहुनु भन्दा पहिला भएका सम्पूर्ण शिक्षक छनौट सँग सम्बन्धित परिक्षाहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

अनुसूची १

मर्स्याङ्दी गाउँपालिका

विषयविज्ञका लागि दिइने आवेदन फाराम २०८०

मिति :

श्री मर्स्याङ्दी गाउँपालिका,
शिक्षा शाखा,
भुलभुले लमजुङ ।

विषय : विषयविज्ञ रुपमा सूचीकृत हुन ।

विद्यालय तहको अस्थायी करार शिक्षक कर्मचारी नियुक्ति प्रयोजनका लागि विषयविज्ञको सूचीमा मेरो नाम सूचिकृत गरिदिनुहुन आफ्नो निम्नानुसारको सत्य तथ्य विवरण खुलाई आवश्यक कागजात संलग्न गरी निवेदन गरेकव व्यहोरा अनुरोध गर्दछु ।

१.नाम थर :

२.स्थायी ठेगाना :

३.अस्थायी ठेगाना :

४.स्थायी नियुक्ति मिति :

५.शैक्षिक योग्यता (सम्बन्धित तह विषय) : शैक्षिक योग्यता संकाय मूल विषय उत्तिर्ण प्रतिशत

६.शिक्षण अनुभव : १.शिक्षण गरेको विषय २.स्थायी शिक्षकको रुपमा शिक्षण गरेको अनुभव

७.हाल कार्यरत विद्यालयको नामा र ठेगाना :

८.विषयविज्ञको रुपमा काम गर्न चाहेको तह :

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो फरक परेमा कानून बमोजिम सहुँला बुझाउला.

आवेदकको नाम थर :

दस्तखत :

मिति :

सम्पर्क नं :

आवेदन साथ पेश गर्नुपर्ने कागजातपत्रहरुको विवरण

१.नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२.आधारभूत तहका लागि मूल विषय लिई स्नातक तह उत्तिर्ण

३.माध्यमिक तहका हकमा सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

४.शिक्षण अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि

५.कुनु कुन तह र विषयको विषय विज्ञ हुने हो सो स्पष्ट खुलेको तोकिएको ढाँचाको निवेदन

६.कार्यरत विद्यालयको सिफारीस पत्र

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner